सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक



क्षीरेश्वरनाथ नगर पालिका द्वारा महिला कबड्डी खेलाडी गंगा घिमिरेलाई नगद सहित सम्मान।
पेज २ मा

♦ वर्ष ७ ♦ अंक ६३ ♦ २०८० साल कार्तिक २६ गते आइतवार♦ 12 Nov 2023 ♦ पृष्ठ ४ ♦ मूल्य रु. ५

# अर्थतन्त्र चलायमान बनाउने दसैं, तिहार र छठपर्व

**अजय कुमार साह**

**कार्तिक २५ गते, महेन्द्रनगर**

दशैं, तिहार र छठ लगायत चाडपर्वमा नेपालको अर्थतन्त्र बढी चलायमान हुन्छ ।

दशैं सकिए लगतै दिपावली र तिहार तथा छठ पर्वको आगमनसँगै जनकपुरधाम सहित देशभरका बजारहरुमा चहलपहल बढेको छ। बजारमा किनमेल गर्नेहरुको भीड बढेको छ।



दशैं सकाएर काममा फर्किनेहरु तथा तिहार र छठपर्व मनाउनका लागि आ(आङ्ग+ नो गाउँघर आउनेहरुको क्रम जारी छ ।

सर्वसाधारणले पनि ठूला चाडपर्वका लागि रकमको जोहो गर्ने र यही समयमा बढी खर्च गर्ने गरेको पाइन्छ। कर्मचारीले दुई महिनाको तलब एकै महिना खर्च गर्छन्। यसले पनि दशैंमा अर्थतन्त्र कति चलायमान हुन्छ भन्ने देखाउँछ ।

वर्षभरि कर्मचारीले १३ महिनाको तलब पाउँछन् । थप एक महिनाको तलब दशैं खर्चका लागि दिइने पुरानो चलनका कारण र बजारमा पैसा चलायमान हुने भएकाले दशैंलाई अर्थतन्त्र चलायमान बनाउने एउटा प्रमुख पर्व भएको अर्थशास्त्री डा सुरेन्द्र लाभको भनाइ छ ।

दशैं तिहारलाई लक्षित गरी नयाँ सवारी साधन खरिदमा छुट, सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउने घोषणा यही बेला हुनाले पनि अर्थतन्त्र चलायमान हुने गरेको हो ।

पहिले पनि दशैं अर्थतन्त्रलाई चलायमान बनाउने एउटा प्रमुख पर्व थियो। पहिले दशैं विशेषमा मात्र किनमेलका लागि बजार लाग्थ्यो भने हाल पर्याप्त समय निकाल्न नसकेका नेपालीले यही अवसरमा लत्ताकपडा सहित सामानको किनमेल गर्ने गर्दछन् ।

कतिपयमा यही समयमै खरिद गर्नुपर्छ भन्ने मानसिकता समेत विकसित भएको देखिन्छ, अर्थशास्त्री डा लाभले भन्नुभयो ।

व्यवसायीहरुका अनुसार दशैंमा करिब रु १० अर्ब मूल्य बराबरको लत्तकपडा मात्र किनबेच हुन्छ भने त्यसबाहेक पनि खाद्यान्न, माछा, मासु एवम् पेय पदार्थको समेत कारोबार बढ्ने व्यवसायीहरुको भनाइ छ ।

जनकपुरमा मात्र हरेक वर्ष दशैंमा २५ हजार खसिबोका खपत हुने तथ्यांक छ ।

यसरी वर्षमा एकपटक नयाँ लुगा सिलाउने, मासुभात खाने, रमाइलो गर्ने चाड भएकाले पनि खर्च बढ्ने गरेको कतिपय अर्थविद्को भनाइ छ। उनीहरुका अनुसार दशैं र तिहार जस्ता पर्वले अर्थतन्त्रलाई पुनर्जीवन दिन्छ।

करिब पाँच लाख कर्मचारीका लागि रु चार अर्बभन्दा बढी र कम दशैं खर्चबापत मात्र दिइने गरेको अर्थमन्त्रालयको तथ्यांक छ ।

*बाँकी पृष्ठ ३ मा*

# दुई सय ९० किलो गाजासहित महोत्तरीबाट २ जना पक्राउ



**खबर दर्पण समाचारदाता**

**कार्तिक २५ गते, महोत्तरी**

महोत्तरीको सम्सी-५ स्थित देवीस्थानबाट २ सय ९० केजी गाजासहित २ जना पक्राउ परेका छन् ।


सम्सीबाट जलेश्वरतर्फ गइ रहेको ना ०५ ख.९७११ नम्बरको ट्रकमा चालकको सिट पछाडि रहेको फलस बटनमा लुकाईछिपाई राखिएको १९ पोका गाजा नियन्त्रणमा लिएको महोत्तरी प्रहरीले जनाएको छ ।

दुई सय ९० किलो गाजासहित महोत्तरीबाट २ जना पक्राउ गाजा लिएर हिँडेको ट्रकसहित चालक मकवानपुर बकैया घर भएका २५ वर्षका लिलाबहादुर थिङ र हेटौंडा उपमहानगर पालिका-१३ बस्ने सहचालक राजेश घलानलाई पनि नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायब उपरीक्षक दिलीपकुमार गिरिले जानकारी दिए ।

पक्राउ परेका चालक र सहचालकलाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयमा राखी अनुसन्धान अघि बढाइएको प्रहरीले बताएको छ ।

विशेष सुराकीको आधारमा नियन्त्रणमा लिएको ट्रक पनि प्रहरी कार्यालय परिसरमै राखिएको गिरीले बताए ।

## दिपावली, तिहार र छठपर्वको शुभकामना



हिन्दुहरुको दोश्रो महान चाड शुभ दिपावली, तिहारको पावन अवसरमा हाम्रा सम्पूर्ण विज्ञापनदाता, पाठकवर्ग, शुभेच्छुक, संवाददाता, स्तम्भकार लगायत सम्पूर्ण देश-विदेशमा रहेका नेपाली दाजुभाइ दिदीबहिनीमा हार्दिक मंगलमय शुभकामना

साथै दिपावली र तिहार पर्वको बिदाको कारण खबर दर्पणको प्रकाशन अब आउने कार्तिक ३० गते मात्र हुने जानकारी गराउँदछौं ।

**खबर दर्पण परिवार**





**सार्वजनिक स्थलमा धुम्रपान नगरौं ।**

**सभ्य नागरिकको परिचय दिऔं ।**

# क्षीरेश्वरनाथ नगरपालिका द्वारा महिला कबड्डी खेलाडी गंगा घिमिरेलाई नगद सहित सम्मान

**खबर दर्पण समाचारदाता**

**कार्तिक २५ गते, महेन्द्रनगर**



धनुषाको क्षीरेश्वरनाथ नगर पालिका द्वारा १९औं एसियाली खेलकुदमा सहभागी मधेस प्रदेशका महिला कबड्डी खेलाडी गंगा घिमिरेलाई नगद सहित सम्मान गरिएको छ।

चीनको हाङझाउमा सम्पन्न १९औँ एसियाली खेलकुदमा नेपालले पहिलो पदक प्राप्त गरेको थियो । नेपालले महिला कबड्डीतर्फ कास्य पदक प्राप्त गरेको हो ।

मधेस प्रदेशबाट छनौट भई खेलमा सहभागी महिला कबड्डी खेलाडी गंगा घिमिरेलाई धनुषाको क्षीरेश्वरनाथ नगर पालिकाले नगद २५ हजार सहित सम्मान गरेको हो ।

खेलाडी घिमिरेलाई मधेस प्रदेश कबड्डी संघ द्वारा महेन्द्रनगरमा आयोजित मधेस प्रदेश निर्णायक तालिम कार्यक्रममा क्षीरेश्वर नाथ नगरपालिकाको तर्फबाट उपमेयर रचना माथेमाले नगद सहित सम्मान गरेको हो ।

मेयर सुखदेव यादवले अन्तराष्ट्रिय स्तरमा यस प्रदेशको नाम चम्काउन योगदान पुऱ्याए वापत तथा खेलाडीहरुको मनोबल बढाउन सम्मान गरिएको बताए ।

महिला कबड्डीको सेमिफाइनलमा नेपाल भारतसित पराजित भएको थियो । भारतसित पराजित भएसँगै नेपाल कास्य पदक मै सीमित भएको रह्यो । सेमिफाइनल खेलमा भारतले नेपाललाई ६१-१७ अङ्कले पराजित गरेको थियो। नेपाल समूह 'बी'को उपविजेताका रूपमा सेमिफाइनल प्रवेश गरेको थियो । यस्तै भारत समूह 'ए' को विजेता बन्दै सेमिफाइनलमा प्रवेश गरेको थियो । सेमिफाइनमा प्रवेश गरेसँगै नेपालले एसियाली प्रतियोगितामा कास्य पदक पक्का गरेको हो। कबड्डीमा सेमिफाइनल पुग्ने चार वटै टोलीले पदक प्राप्त गर्ने प्रावधान छ। महिला कबड्डीतर्फ नेपालले पहिलोपटक एसियाली खेलकुदमा भाग लिएको हो । नेपाली टोलीमा मेनुकाकुमारी राजवंशी (कप्तान), मानमती विष्ट, जयन्ती बडु, सुनिता थापा, रबिना चौधरी, अनुजा कुलुङ राई, गङ्गा घिमिरे, नितु गुरुङ, इशा राई, अर्पणा चौधरी, सिर्जना थारु र कलावती पन्त रहेका थिए ।

# बैदेशिक रोजगारमा ज्यान गुमाएका परिवारलाई नगर पालिकाद्वारा राहत उपलब्ध



**खबर दर्पण समाचारदाता**

**कार्तिक २५ गते, महोत्तरी**

महोत्तरी जिल्लाको मटिहानी नगरपालिका वडा नं. ९ सिमर दही का ४० वर्षीय रघुनाथ मण्डलको वैदेशिक रोजगारको शिलशिलामा मिति २०८०/०७/१० गते कुवेतमा मृत्यु भएपछि मटिहानी नगर पालिकाका नगर प्रमुख हरि प्रसाद मण्डलले निजको परिवार लाई आज राहत स्वरुप रु ५० हजार प्रदान गरेको छ ।

आर्थिक बर्ष २०८०/०८१ को नगर सभाको निर्णय अनुसार बैदेशिक रोजगारको क्रममा विदेशमा मटिहानी नगर पालिकाको कुनै पनि नागरिकको मृत्यु भएमा रू ५० हजार सम्म दिने निर्णय गरेकोले सोही अनुसार कुवेतमा मृत्यु भएको रघुनाथ मण्डलको श्रीमती रंजु देवीलाई सो राहत मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मण्डलले उपलब्ध गर ाएको छ ।

राहत उपलब्ध गराउने कार्यक्रममा मटिहानी नगर पालिकाका नं. ९ का वड़ा अध्यक्ष मदन चौधरी समाजसेवी मोसाफिर सहनी, जोगिन्द्र साह सकलदेव पासमान ,राम असरे मंडल,किशन मंडल लगायतका स्थानीयहरुको उपस्थित रहेको थियो निज मृतक रघुनाथ मंडल कुबेतमा १० महिना अगाडि गएका थिए । मृतकको परिवारमा श्रीमती, १ छोरा र २ छोरी गरी जम्मा ४ जना रहेका छन् ।


## हार्दिक शुभकामना

शुभ दिपावली, तिहार र छठ पर्वको पावन अवसरमा सम्पूर्ण नगर तथा वडावासी ,ईष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**अबध किशोर यादव**

**वडा अध्यक्ष**

**क्षीरेश्वरनाथ नगरपालिका**

**वडा नं. ९, धनुषा**


**सार्वजनिक स्थलमा धुम्रपान नगरौं । सभ्य नागरिकको परिचय दिऔं ।**

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष -** आय आर्जनमा गति र ोध आउनेछ। राजनीतिमा सफलता प्राप्त हुनेछ। दैनिक कार्यमा प्रशंसा प्राप्त हुनेछ। अनावश्यक खर्च बढ्नेछ।

**वृष-**स्वास्थ्य प्रतिकूल रहने, यात्रामा बाधा आउनेछ । रोगको नाश हुने, मिष्ठान्न भोजन प्राप्त हुने, मान-सम्मान प्राप्त हुने र कामको जिम्मेवारी बढ्नेछरु।

**मिथुन-** सुख प्राप्त हुने, धनलाभ हुने, शत्रुको नाश हुने, मिष्ठान्न भोजन मिल्ने, मान-सम्मान प्राप्त हुने, आम्दानीमा सुधार हुनेछरु। अपूरा कार्य पूर्ण हुनेछन्।

**कर्कट -** परिवारबाट सन्तोष मिल्ने, आपसी समझदारीबाट काम सफल हुने, र आम्दानी बढ्नेछ तथा सोचेको काम पूरा हुनेछरु। स्वास्थ्य तथा यात्रामा असफलता हात लाग्नेछ ।

**सिंह -**मिष्ठान्न भोजन, मान-सम्मान प्राप्त हुने, धनलाभ हुने, सुख प्राप्त हुने र कामको जिम्मेवारी बढ्ने योग छ। स्वास्थ्य प्रतिकूल रहने, शरीरमा आलस्यता हुनेछ।

**कन्या -** मनमा उत्साह बढ्नेछ। दिनको उत्तरार्द्धमा मानसिक थकान बढ्नेछ। आफन्तसँगको भेटले मन प्रफुल्ल बन्नेछ। कान्तिक्षय हुनेछ। उपहारआदी प्राप्त हुनेछ ।

**तुला -**साताको सुरुमा शत्रुले दु:ख दिने, मनमा डर रहने, पेटसम्बन्धी समस्याले सताउनेछरु। आयआम्दानीको स्रो बढ्नेछरु। साताको अन्त्यमा सरकारी काममा सफलता र नोकरीमा उन्नति हुने योग छ ।

**वृश्चिक -**काममा बाधा, खर्च वृद्धि हुनेछरु। परिवारबाट सुख, आम्दानीमा सुधार, काममा सफलता हात लाग्नेछरु। शुक्रबार भने मनमा डर-चिन्ता रहनेछ।

**धनु -** दाजु-भाइको सहयोगबाट आम्दानी हुनेछ। साताको अन्त्यमा मिष्ठान्न भोजन प्राप्त हुने, चाहेको वस्तु सजिलै प्राप्त हुनेछ ।

**मकर -** काममा अपजस हात लाग्नेछरु। मिष्ठान्न भोजन प्राप्त हुने, चाहेको वस्तु सजिलै प्राप्त हुनेछ। साताको अन्त्यमा काममा असफलता, धनको नाश हुने योग छ ।

**कुम्भ -**सरकारी काममा सफलता हुनेछरु। दाजु-भाइसँग भेट हुने योग छ। आम्दानीमा राम्रो सुधार हुनेछरु। बौद्धिक व्यक्तिसँग भेटघाट हुनेछ। धार्मिक यात्राको योग रहेको छ ।

**मीन -**चाहेको वस्तु सजिलै प्राप्त हुनेछन्। साताको अन्त्यमा समय अनुकूल रहनेछ। आम्दानी राम्रो हुनेछ, काममा सफलता मिल्नेछ। प्रेमीका संग यात्राको योग छ ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# अर्थतन्त्र चलायमान बनाउने......

यसबाहेक निजी क्षेत्रका संघ, संस्था, बैंक तथा वित्तीय संस्थाले पनि कर्मचारीलाई दशैं खर्चबापत बोनस तथा भत्ता दिन्छन्। यसले पनि आर्थिक परिचालनमा मद्दत गरेको छ।

पछिल्ला वर्षहरुमा बजारमा चहलपहल बढ्ने अर्को कारण दशैंको समयमा विदेशबाट प्राप्त हुने रेमिट्यान्स भएको अर्थशास्त्रीहरु बताउँछन्। विदेश बस्ने नेपालीले यही समयमा बढी रेमिट्यान्स पठाउने गरेका छन् ।

अन्य महिनाको तुलनामा दशैंमा करिब २५ देखि ३० प्रतिशत बढी रकम रेमिट्यान्स आउने गरेको नेपाल राष्ट्र बैंकको तथ्यांक ले देखाउँछ। राष्ट्र बैंकको तथ्यांक अनुसार औषतमा दशैंताका करिब रु १०-१५ अर्ब रेमिट्यान्स नेपाल भित्रिन्छ ।

यसमा भारतमा काम गर्न गएका नेपालीले दशैंमा घर फर्किदा लिएर आउने रकम भने जोडिएको छैन । भारतमा हजारौंको संख्यामा नेपालीहरु कार्यरत रहेकाले पनि यसको हिस्सा नेपालको अर्थतन्त्रमा फराकिलो हुने गर्दछ ।

अर्थविद्हरुका अनुसार दसैं अघिका दुई(तीन हप्ताको अवधिमा वर्षभरीको कूल राष्ट्रिय उपभोगको २० प्रतिशत जति उपभोग हुने देखिन्छ ।

दशैंदेखि छठ पर्वसम्म बजारमा करिब रु पाँच अर्बको कारोबार हुने गरेकाले पनि यो प्रमुख चाडपर्वको अर्थिक पाटो वास्तवमा नै बृहत रहेको अर्थशास्त्री डा सुरेन्द्र लाभको भनाइ छ ।

खर्च गर्ने प्रवृत्ति बढ्दै जानुले व्यापारीका लागि यो समय एक किसिमले वर्षभरीलाई पुग्नेगरी नाफा कमाउने समय पनि भएको छ ।

दशैंअघिको समयमा मात्र अन्य समयको १० महिना बराबर व्यापार हुने गरेको नेपाल उद्योग वाणिज्य महासंघ मधेस प्रदेशको अध्यक्ष अशोक टेमानीको भनाइ छ । उहाँका अनुसार छुट तथा विभिन्न आर्कषक योजनाका कारण पनि यसबेला बजारमा रौनक बढेको हुन्छ ।

यतिखेर मधेस प्रदेशको राजधानी जनकपुरधाममा दशैंको निकै चहलपहल बढेको छ। आज देखि दिपावली अर्थात लक्ष्मीपुजाले गर्दा बजारमा किनमेल गर्नेको जनकपुरमा भीड लागेको छ ।

खाद्यान्न, कपडा, कस्मेटिक तथा गरगहना पसलहरुमा मानिसहरुको भीड लागेको छ। चाडपर्वका लागि मानिसहरुले खाद्यान्नदेखि लत्ताकपडासम्म अनिवार्य रूपमा किन्ने गरेका छन् ।

जनकपुरका मुख्य बजारहरु शिव चोक, राम चोक, मुरली चोक, जानकी चोक लगायतका ठाउँहरुमा किनमेल गर्ने मानिसहरुको बाक्लो उपस्थिति देखिन्छ ।

गाउँदेखि शहरसम्म धुमधामका साथ मनाइने यस्ता पर्वहरुमा व्यापारसमेत बढ्ने गर्छ । कुल राष्ट्रिय उपभोगको २० प्रतिशत दशैं तिहार अघिको दुई-तीन साता अवधिमा मात्रै हुने अनुमान गरिएको छ ।

व्यापारीहरूको पनि वर्षभरीको कमाइ हुने समय भनेकै दशैं, तिहार, छठजस्ता महान चाडपर्व नै हो।

# युवा, लागु पदार्थ दुर्व्यसन......

तर्फ धकेल्ने काम गरिरहेको अवस्था छ।

## लागु औषधको प्रयोग को बारेमा पढिरहँदा लागु औषध के हो भन्ने कुरा जानि राख्नु पनि आवश्यक छ ?

विश्व स्वास्थ्य संगठनको परिभाषा अनुसार लागु औषध भनेको कुनै पनि किसिमको रसायनिक पदार्थ हो, जुन स्वास्थ्य शरीरको लागि प्रयोग गर्न आवश्यक छैन र यसको प्रयोगले शारीरिक कार्य तथा मानिसको व्यवहारमा परिवर्तन ल्याउन सक्छ । लागु औषध नियन्त्रण ऐन, २०३३ का अनुसार लागु औषध भन्नाले गाँजा, औषधोपयोगी गाँजा, अफिम वा तयारी अफिम, औषधोपयोगी अफिम, कोकाको झारपात, अफिम वा कोकाको सार तत्व मिश्रण वा लवण समेत मिलाई तयार गरिने पदार्थ र सरकारले तोकिदिएका प्रकृतिक तथा कृतिम लागु औषध तथा मनोद्विपक पदार्थ (Psychotropic Substance) लवर्ण तथा अन्य पदार्थ सम्झनु पर्दछ । नेपालको कानुन अनुसार लागु पदार्थको अबैध ओसार पसार, संचय तथा प्रयोग गर्न बन्देज लगाएको छ

छोरा छोरीमा भेदभाव नगरौं
छोरीलाई पनि छोरा सरह विद्यालय पढ्न पठाऔं ।

## हार्दिक शुभकामना

शुभ दिपावली, तिहार र छठ पर्वको पावन अवसरमा सम्पूर्ण नगर तथा वडावासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**राम पदारथ यादव**
**वडा अध्यक्ष**
**क्षीरेश्वरनाथ नगरपालिका**
**वडा नं. १०, धनुषा**

## हार्दिक शुभकामना

शुभ दिपावली, तिहार र छठ पर्वको पावन अवसरमा सम्पूर्ण नगर तथा वडावासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**मो. मुबारक कवाडी (नथुनी)**
**वडा अध्यक्ष**
**क्षीरेश्वरनाथ नगरपालिका**
**वडा नं. ७, धनुषा**

## हार्दिक शुभकामना

शुभ दिपावली, तिहार र छठ पर्वको पावन अवसरमा सम्पूर्ण नगर तथा वडावासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**मोद कुमार महतो**
**वडा अध्यक्ष**
**क्षीरेश्वरनाथ नगरपालिका**
**वडा नं. ८, धनुषा**

## हार्दिक शुभकामना

शुभ दिपावली, तिहार र छठ पर्वको पावन अवसरमा सम्पूर्ण नगर तथा वडावासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**मोद कुमार महतो**
**वडा अध्यक्ष**
**क्षीरेश्वरनाथ नगरपालिका**
**वडा नं. ९, धनुषा**

## हार्दिक शुभकामना

शुभ दिपावली, तिहार र छठ पर्वको पावन अवसरमा सम्पूर्ण नगर तथा वडावासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**जगदीश यादव**
**वडा अध्यक्ष**
**क्षीरेश्वरनाथ नगरपालिका**
**वडा नं. ४, धनुषा**

## हार्दिक शुभकामना

शुभ दिपावली, तिहार र छठ पर्वको पावन अवसरमा सम्पूर्ण नगर तथा वडावासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**जिवछ मण्डल**
**वडा अध्यक्ष**
**क्षीरेश्वरनाथ नगरपालिका**
**वडा नं. ५, धनुषा**

## हार्दिक शुभकामना

शुभ दिपावली, तिहार र छठ पर्वको पावन अवसरमा सम्पूर्ण नगर तथा वडावासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**विनोद गुप्ता**
**वडा अध्यक्ष**
**क्षीरेश्वरनाथ नगरपालिका**
**वडा नं. ६, धनुषा**

## हार्दिक शुभकामना

शुभ दिपावली, तिहार र छठ पर्वको पावन अवसरमा सम्पूर्ण नगर तथा वडावासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**मकेश्वर यादव**
**वडा अध्यक्ष**
**क्षीरेश्वरनाथ नगरपालिका**
**वडा नं. १ , धनुषा**

## हार्दिक शुभकामना

शुभ दिपावली, तिहार र छठ पर्वको पावन अवसरमा सम्पूर्ण नगर तथा वडावासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**देवु यादव**
**वडा अध्यक्ष**
**क्षीरेश्वरनाथ नगरपालिका**
**वडा नं. २, धनुषा**

## हार्दिक शुभकामना

शुभ दिपावली, तिहार र छठ पर्वको पावन अवसरमा सम्पूर्ण नगर तथा वडावासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**अमर किशोर सिंह**
**वडा अध्यक्ष**
**क्षीरेश्वरनाथ नगरपालिका**
**वडा नं. ३, धनुषा**

# युवा, लागु पदार्थ दुर्व्यसन र समस्या

जीवन सुन्दर अनि अमूल्य छ। जिवन गतिशिल हुन्छ। जिवनमा दुख सुख आइरहन्छ। यो मानव जीवनको बयान शब्दले अपुग हुन्छ। जुन व्यक्ति जीवनलाई सुन्दर तथा कलात्मक तरिकाले जिउन जान्दछ त्यो मानव नै बुद्धिमान कहलाउँछ। समाजमा ऊ अब्बल दर्जाका रुपमा उदाहरण भइरहन्छ तर, जीवन जिउने कला सबैमा हुँदैन।




केहि कहावतहरु छन, 'पानी र जवानी कहिले फर्केर आउँदैन।' यो भनाइ कुलतमा जीवन बर्बाद गर्नेहरुप्रति पनि लक्षित छ।

कुलत पनि धेरै किसिमका हुन्छन्। समाजिक सञ्जाल को दुरुपयोग, लागु पदार्थ दुर्व्यसन,चोरी , डकैती, फिरौती आदि । त्यसमध्ये अहिले समाजमा ब्याप्त लागु पदार्थ दुर्व्यसन र त्यसले निम्ताउने समस्या दर्दनाक छ। त्यस्ता घटनाहरु सुन्दा पनि आङ्ग जिरिङ्ग हुन्छ। टिन एजर्स युवायुवतीहरु कुलतमा लागेर जिन्दगी बर्बाद गर्दै गरेको कुरा विभिन्न सञ्चार माध्यमहरुमारु सुन्न र देख्न पाइन्छ। यो कुनै अनौठौ पनि हैन किनकि यो समस्या घट्नु को सट्टा दिनानुदिन बढिरहेको छ।

लागु औषधको दुरुपयोको समस्या दिनानुदिन भुषको आगो झै फैलिरहेको छ ।बिशेष गरेर किशोर किशोरी अथवा बिद्यालयका बिद्यार्थीहरु बढि यसवाट प्रभाबित हुन पुगिरहेका छन् ।भबिस्यका कर्णधार यूवा यूवतिहरु लागु औषध जुटाउनको लागी चोरी, डकैति , लुटपाट , हत्या बलात्कारतिर समेत उन्मुख हुदै गइरहेका छन्। अर्कोतर्फ लागु औषध प्रयोगकर्ताहरुको स्वास्थ्य कमजोर हुदैजाने भएकाले यसवाट ब्यक्ति, परिवार, समाज र राष्ट्रलाई नै ठुलो क्षति हुन पुग्छ। अर्कातिर लागु औषधका कारोबारी पिचासहरुले पनि आफ्नो व्यापार यूवा मार्फत संचालन गर्दै आईरहेका छन् ।

## धनुषामा लागु औषध सेवनकर्ताको अवस्था

पछिल्लो तथ्यांक हेर्ने हो भने धनुषामा यस्ता थुप्रै घटनाहरु घटेका छन् जसको कारण नै लागु औषधको प्रयोग हो । मिति २०८०रु कार्तिक ८ गते बुधबार को घटना हो , जनकपुरधाम उपमहानगर पालिका २३ बेलास्थित धान खेतमा जनकपुरधाम उपमहानगर पालिका २४ सोनापाराका २२ वर्षीय रुपेश महराको हत्या गरि एको अवस्थामा लाश फेला पर्यो। अनुसन्धान गर्दै जाँदा दुई जना पक्राउ परेका थिए। जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी प्रमुख एसपी विश्वराज खड्का का अनुसार पक्राउ पर्नेमा जनकपुरधाम उपमहानगरपालिका-२४ सोनापारा बस्ने २० वर्षीय पवन सहनी र २० वर्षीय हरिचरण मण्डल रहेको र तिनै जनाले लागु औषध नाइट्राभेट ट्याब्लेट किनेर सेवन गरी नेपाल फर्किएपछि धनुषामा आएर घटना घटाएको थियो।

त्यस्तै मिति २०८० कार्तिक २१ गते जिल्ला प्रहरी कार्यालय धनुषाले गोप्य सूचनाको आधारमा जनकपुरधामका उपमहानगर पालिका -४ मुरली चौकमा लागु औषध सहित एक जनालाई प्रकाउ गरिएको थियो। प्रकाउ पर्ने धनुषाको हंसपुर नगरपालिका -३ बस्ने वर्ष २४ का विशाल नारायण झा रहेको थियो। मुरली चौकमा प्रदेश २-०२-००३ प. ५०२७ नं. मोटरसाईकलमा सवार जिल्ला धनुषा हंसपुर नगरपालिका वडा नं. ३ वस्ने वर्ष २४ को विशाल नारायण झालाई रोकी चेकजाँच गर्दा निजको साथबाट प्रतिबन्धित लागु औषध नाईट्रोभेट ट्यावलेट ( ९९ पिस ) बरामद भएको र उक्त लागु औषध र मोटरसाईकल सहित निजलाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालयमा ल्याई लागु औषध मुद्दा शिर्षकमा म्याद लिई थप अनुसन्धान कार्य भई रहेको कुरा जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको थियो।

यो एक दुई वटा उदाहरण मात्र हो । जुन लागु औषध को सेवनले गर्दा एकअर्काको ज्यान लिन उनीहरूलाइ बाध्य बनाइ दिएका छन्। तर कतिपय यस्ता घटनाहरू पनि छन् जो लागु औषधको प्रयोगले आफ्नो ज्यानरु मात्र मार्दैनन् ,उ आफुसँग निर्दोष मान्छेलाई पनि मार्छन्। लागु औषधको प्रयोगले तिव्र गतिमा मोटरसाइकल कुदाउने गरेको र त्यसले निम्ताएको दुर्घटनाको सिकार आफु सहित निर्दोष मान्छेलाई पनि मृत्युको सिकार बनाउने गरेका छन्।

यता जिल्ला प्रहरी कार्यालय धनुषाले पत्रकार सम्मेलन गर्दै दसैं अवधिभर धनुषामा चोरीसहित विभिन्न आपराधिक घटनामा संलग्न रहेको आरोपमा ३७ जनालाई पक्राउ गरिएको थियो। दसैंको घटस्थापनादेखि दशमीसम्म चोरी, लागूऔषध सेवन र शंकास्पद रूपमा हिँडुल गर्नेलगायतका ३७ जनालाई पक्राउ गरेका मध्येबाट मोटरसाइकल र साइकल चोरी आरोपमा ४/४ जना, मोटर चोरीमा संलग्न २ जना, घरमा चोरी गर्ने आरोपमा ८ जना, घर को ताल्चा फुटाउने घटनामा संलग्न ४ जना लागूऔषध सेवन गर्ने ६ जनासहित मेलामा रातिको समयमा शंकास्पद रूपमा हिँडुल गर्ने ७ जना गरी ३७ जनालाई पक्राउ गरिएको थियो। सोहि मध्येबाट ६ जना लागु औषध सेवन कर्ताको रुपमा समातिएपनि बाँकी व्यक्तिहरु समेत लागु औषध सेवन गरेर घटना घटाएको अनुमान रहेको छ। जिल्ला प्रहरी कार्यालय धनुषामा लागु औषध प्रयोगकर्ताका रुपमा सबैभन्दा बढी १२ वर्षदेखि २०/२२ वर्ष सम्म मा केटाकेटीहरु संलग्न भएको तथ्याङ्क छ।

युवाहरु लागु औषध सेवन गरेर घटना घटाइरहेको प्रति मधेस प्रदेश सरकारका गृह तथा सञ्चारमन्त्रालय गम्भिर रहको कुरा मन्त्री मो. समिम बताउँछन्। उनका अनुसार " लागु औषध सेवन मा युवाहरु सक्रिय छन्, हाम्रो मातहतमा प्रहरी नहुँदा हामी कडा एक्सन लिन सकिरहेका छैनौं।'असारदेखि मात्रै प्रदेशमा तीसवटा जति हत्याका घटना भएका छन्। अपराधले सीमा नाघेको छ। लागुऔषधको दलदलमा फसेर युवा बर्बाद भइरहेका छन्। प्रहरी जवानलाई समेत चलाउने हाम्रो हैसियत छैन। उल्टै प्रदेश निकम्मा भयो भनेर दोष हामीलाई दिइएको छ,' उनले प्रश्न गरे, 'प्रहरी प्रशासनबिना कस्तो सरकार हुन्छ? अधिकार नदिनुको अर्थ त संघीयता भत्काउने षड्यन्त्र नै हो नि! सरकारले संघीयता खारेज नै गर्न खोजेको छ भने गरेर हेरोस् न त!' यसको लागि हामिले संघिय सरकारलाई ३० दिने अल्टिमेटम दिएका छौं।

## धनुषामा युवाहरुको सर्वाङ्गिक विकासका लागि स्थापना भएको युवा क्लबहरुको भुमिका के ?

यसरी युवाहरुको सक्रियता लागु औषध तर्फ देखिरहँदा समाजमा सकरात्मक परिवर्तन का लागि स्थापना भएको कल्ब ,युबा क्लब, संघसंस्थाहरुले युवाहरुको विषयमा के गरिरहेका छन् भन्ने प्रश्न पनि स्वाभिक नै हो? समाजमा स्थापना भएको क्लब के का लागि? वर्षमा एक दुई चोटि मेला ठेला लगाएर चन्दा असुली गर्न ?

जिल्ला प्रशासन कार्यालय धनुषामा जम्मा ३ हजार ८२ संघसंस्थाहरु/युवा क्लबहरु दर्ता रहेका छन् ।मधेस प्रदेशको राजधानी समेत रहेको जनकपुरधाम सहित को धनुषा जिल्लामा युवा क्लबहरु दर्ता भईरहेको र अहिले पनि १० देखि १२ वटा युवा क्लबहरु दर्ता प्रकिया मै रहेको कुरा जिल्ला प्रशासन कार्यालय धनुषा का प्रशासन विभागका अधिकारी सुनिल कुमार झा बताउँछन्। यधपी ३ हजार ८२ युवा क्लब/ संघसंस्थाहरु मध्ये युवाहरुको विकासको लागि काम गर्ने संस्था एकदमै न्युन मात्रामा रहेको छ।

युवा क्लब ,क्लब कमिटी सामाजिक संघ संस्थाको दायित्व, कर्म, धर्म र इमान्दारिता के ? उनीहरूको आचरण र व्यवहार माधि प्रश्न गर्ने निकाय खोई ? क्लबहरुले बर्षमा एक पूजा एक दहन को आयोजना र समापन मात्र ? कहा गयो खेलकूद ? युवा सशक्तिकरण र बिकास का मुद्दाहरु ? कहाँ गयो समतामूलक समाज को निर्माणको नारा , कहाँ गयो सकरात्मक परिवर्तन को पहलदायिक कदम ? भ्रष्टाचार बिरुद्धको अनुपम डेग र बुलंद आवाज लगाउने सपथ खोई ? लागू औषध दुर्ब्यासनमा फसी रहेका युवाहरु लाई कुलत बाट छुटकारा दिलाउने काम क्लब कमिटिको होइन ? युवाहरुलाई सचेत गराउने कामरु क्लब कमिटिको हैन ? युवाहरुको नेतृत्व क्षमता अभिवृद्धि गरी उनीहरुलाई सकरात्मक पथमा उत्प्रेरित गर्ने काम क्लबको हैन र ? सामाजिक न्यायको कुरो निस्वार्थ गर्ने काम कसको ? निस्वार्थ सामाजिक क्षेत्रमा कति क्लब कमिटीहरु सक्रिय रूपम काम गर्दछन ? क्लबको सदस्य र पदाधिकारिहरु गुट उपगुट मा बिभाजित हुनुको रहस्य के ? यस्ता थुप्रै प्रश्नहरु को जवाफ पाउन कहाँ र कुन निकायमा जाने ?

हामीले हरेक क्लब कमिटिको बिधान पलटाई हेर्यो भने मात्र पूजापाठ कस - कसमा लेखेको छ ? कसले कति र कस्तो दायित्व निर्वाह गर्दैछ र कसले दलाली, चापलूसी, लठैती गर्दैछ। बिधानमा उल्लेख भएरु बमोजिमको काम २० प्रतिशत पनि नभएको अवस्था छ। धनुषाका थुप्रै क्लबहरु मा राजनितिक दलका शिर्ष नेताहरुको बर्चश्व रहेको देखिन्छ। राजधानी शहर जनकपुरधाम का क्लबहरुले बर्षमा एक दुईचोटि पुजाआजा गरेर ,चन्दा संकलन गरेर कमाई खाने भाँडो को रुपमा लिदै आएको छ। जनकपुरधाम का क्लब कमिटी पार्टीगत र नेतागत गुलाम बनेको छ। साथै भित्रि गाँउ घर मा रहेका क्लबहरु को अवस्था पनि चिन्ताजनक नै रहेको छ। विदेशी रोजगारीको सिलसिलामा पलायन भएका युवाहरु क्लबलाई हेर्नै छाडे , न त गाँउमा क्लब चलाउने युवा नै छन्,न त क्लबको भुमिका।

तत्कालीन अवस्थामा धनुषाको हिमालय युवा क्लब नक्टाझिजले वरिपरि का गाविसहरुलाई खुल्ला दिशा मुक्त घोषणा गर्न , समाजमा दाइजो प्रथा,बाल बिवाह न्युनिकरण गर्न, पुर्ण सरसफाई र लागु औषध सेवन मा लागेका युवाहरुलाई सकरात्मक पथमा हिड्न विभिन्न किसिमका जनचेतनामुलक कार्यक्रमहरु गर्थे। त्यतिबेला त्यो क्लबले देखाएको प्रतिभा स्वरुप तत्कालिन क्लब का अध्यक्ष अरुण कुमार महतोलाई जिल्ला खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति धनुषाले "जिल्ला सरसफाई च्याम्पियन" अवार्ड ले सम्मानित गरेका थिए। त्यतिबेला क्लबले विभिन्न विधामा गरेको कामको चर्चा छिमेकी जिल्लाहरुमा समेत प्रभाव पार्न सफल भएका थिए तर अहिले अवस्था चिन्ताजनक छ। त्यहाँ का अधिकांश युवाहरु लागु औषध सेवन गरेर तिव्र गतिमा मोटर साइकल कुदाउदा दुर्घटना,गाँउघर मा चोरी डकैती र मानिसको मृत्यू समेत गर्दै आएका घटनाहरु छन्। तर अहिले त्यहि हिमालय युवा क्लब नक्टाझिज मौन अवस्थामा छ। समितिहरुमा मतभेद र युवा पलायन को समस्याले क्लबले सोचे अनुसारको काम र विधानमा उल्लेख गरिएका कामहरु गर्न सक्ने अवस्थामा रहेको छैन।

यस्ता थुप्रै क्लबहरु छन् जो लागु औषध प्रयोगकर्ताहरुलाई विभिन्न किसिमको तालिमहरु प्रदान गरेर युवाहरुलाई स्वरोजगार बनाएका थिए तर अहिले अवस्था फेरिएको छ। सालमा चान्दा संकलन गरेर मेला ठेला लगाएर आर्केष्ट्रा नचाउने र समाजलाई विकृत

बाँकी पृष्ठ ३ मा

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा